**अक्सर सोधिने प्रश्नहरू: गैर-प्रतिक्रिया फलो-अप**

**जनगणना गैर-प्रतिक्रिया फलो-अप (Census Nonresponse Follow-up, NRFU, वा "नेर-फु") भनेको के हो ?**

- हालसम्म, मानिसहरूले अनलाइन, हुलाक वा फोन मार्फत जनगणना पूरा गरिरहेका छन् ।
- गैर-प्रतिक्रिया फलो-अप (NRFU) त्यतिबेला हुन्छ जब गणकहरू हालसम्म जनगणना पूरा नगर्ने सबैकोघर घर मै पुग्छन् ।

**गैर-प्रतिक्रिया फलो-अप कहिले सुरू हुन्छ र यो कहिले सकिन्छ ?**

- न्युयोर्क शहरमा गैर-प्रतिक्रिया फलो-अप अगस्ट 6 देखि सुरू हुनेछ ।
- अधिकांश कार्यसञ्चालन अगस्ट 11, 2020 बाट सुरु हुनेछ ।
- हालको लागि यो कार्य सेप्टेम्बर 30 मा अन्त्य हुनेछ ।

**यस वर्ष NRFU किन यति ढिलो सुरू हुँदैछ ?**

- कोभिड -१९ को कारणले अमेरिकी जनगणना ब्यूरोले प्रक्रिया ढिला गर्नुपर्ने भएको थियो । NRFU को सुरुवात मेको मध्यदेखि हुनुपर्नेमा अगष्टको मध्यमा सारिएको थियो ।
- तपाईंले  अनलाइन, फोन मार्फत वा हुलाकद्वारा जवाफ: दिन सक्ने अवधिको अन्तिम मिति पनि जुलाई 31 बाट सेप्टेम्बर 30, 2020 सम्म सारिएको छ ।

**के NRFU सुरु भए पनि म जनगणना आफै पनि  पुरा गर्न सक्छु ?**

- हो, NRFU को बेला पनि तपाईं अझै My2020Census.gov मा गएर अनलाइन, या 1-844-330-2020 डायल गरी फोन मार्फत, वा हुलाकद्वारा जनगणना पूरा गर्न सक्नुहुनेछ ।
- वास्तवमा, सबै न्यूयोर्कवासीहरूले **अहिले** नै आफैं उत्तर दिनुपर्छ ।

**यदि म गणक मेरो घरमा आओस् भन्ने चाहन्नँ भने के हुन्छ ?**

- यदि तपाईं गणकले तपाईंको ढोका ढकढक्याओस् भन्ने चाहनुहुन्न भने, तपाईंले जनगणना अनलाइन, फोन वा हुलाक मार्फत 11 अगस्ट अघि नै पुरा गर्नुपर्नेछ ।
- यदि तपाईं पूर्ण र सहि तरिकाले जवाफ दिनुभयो भने, सायद NRFU को समयमा तपाईंको ढोकामा गणकहरु आउने छैनन् ।

**COVID-19 को कारणले गर्दा मलाई कसैसँग प्रत्यक्ष भेटेर कुरा गर्ने बारेमा चिन्ता छ भने के गर्ने ?**

- यदि तपाईं व्यक्तिगत रूपमा अन्तर्वार्ता लिन चाहनुहुन्न भने तपाईं जनगणना फोनबाट पूरा गर्न गणकलाई आफ्नो फोन नम्बर दिन सक्नुहुन्छ ।
- जनगणनाका सबै जवाफहरु पूर्ण रूपमा गोप्य रहन्छन् र संघीय कानून बमोजिम सुरक्षित हुनेछन् ।
- गणक र जनगणना ब्यूरो (कार्यालय)ले तपाईंका प्रतिक्रियाहरू कसैसँग खुलासा गर्न मिल्दैन - अध्यागमन विभाग; प्रहरी; तपाईंको घरधनी; र न्यु योर्क शहरको अन्य सरकारी निकायहरु संग  पनि खुलासा गर्न मिल्दैन ।

**गणकहरूले समुदायहरूलाई  COVID-19 को जोखिममा पारेका छैनन् भन्ने कुरा कसरी सुनिश्चित गर्नेछन् ?**

- सबै गणकहरूले आफ्नो छरछिमेकमा काम सुरु गर्नुभन्दा पहिले सामाजिक दूरी र अन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी आचारहरूका बारेमा प्रशिक्षण लिनुपर्छ । विशेषगरि, गणकहरूलाई निम्न कुराको प्रशिक्षण दिइन्छ:
    - सँधै मास्क लगाउन
    - तपाईंको घरभित्र कहिल्यै प्रवेश नगर्न
    - अन्तर्वार्ता लिँदा 6 फिट टाढा रहन
    - स्वस्थ सरसफाई बानीहरू पालना गर्न, जस्तै बारम्बार हात धुने
    - उनीहरू सबैलाई ह्याण्ड सेनिटाइजर उपलब्ध गराइनेछ
    - यदि उनीहरू बिरामी परे भने उनीहरू काममा नगई घरमै बस्नेछन्

**यदि गणकले मेरो परिवारले बोल्ने भाषा बोल्दैनन् भने नि ?**

- यदि गणकले तपाईंको भाषा बोल्दैनन् भने, तपाईंले आफ्नो भाषा बोल्ने अर्को गणकलाई आउन अनुरोध गर्न सक्नुहुन्छ ।
- गणकहरूसँग तपाईंको परिवारको भाषा पहिचान गर्नमा मद्दत गर्ने सामग्री पनि हुनेछन् ।
  - उदाहरणको लागि, गणकलाई तपाईं कुन भाषा बोल्नुहुन्छ भनेर बताउन कार्ड (सुची)मा भएको भाषामा औँल्याउन सक्नुहुनेछ ।
- तपाईंलाई जनगणना २०२० पूरा गर्नमा मद्दत पुर्याउन अनलाइनमा अमेरिकी सांकेतिक भाषा र ब्रेल र ठूलो प्रिन्ट लगायत 59 वटा गैर-अङ्ग्रेजी भाषाहरूमा भाषिक निर्देशिका र भिडियोहरू उपलब्ध छन् । https://2020census.gov/en/languages.html
- जनगणना प्रश्नावली सहायता केन्द्रहरूमा 13 वटा भाषाहरूमा मद्दत गर्न सक्ने कर्मचारीहरु छन् । https://2020census.gov/en/contact-us.html

**अमेरिकी जनगणना ब्यूरो (कार्यालय) को कर्मचारीलाई  कसरी चिन्ने ?**

- यदि गणक तपाईंको घरमा आए भने, पहिले उनीहरूको तस्बिर, अमेरिकी वाणिज्य विभागको वाटरमार्क (U.S. Department of Commerce watermark) र म्याद समाप्ति मिति सहितको वैध परिचायक ब्याज (आई डि) छ कि छैन भनेर सुनिश्चित गर्न जाँच गर्नुहोस् ।
- तपाईं 212-882-7100 डायल गरी जनगणना ब्यूरो प्रतिनिधिसँग सम्पर्क गरेर पनि आफ्नो ढोकामा आएका व्यक्तिको पहिचान गर्न सक्नुहुनेछ ।
- यदि तपाईंले जनगणना पूर्ण र  सहि तरिकाले पूरा गर्नुभयो भने गणक तपाईंको घरमा आउने सम्भावनालाई  न्यूनीकरण गर्नुहुनेछ ।
- गणकहरू र उनीहरूलाई कसरी पहिचान गर्न सकिन्छ भन्ने बारे थप जानकारी पाउन यी लिङ्कहरूमा जानुहोस् ।

**गणकहरूले सोध्नु नहुने कुनै निश्चित प्रश्नहरू छन् कि ?**

- **गणकहरूले यि कुराहरू कहिल्यै पनि सोध्ने छैनन्:**
  - आप्रवासन स्थिति वा नागरिकताको प्रश्न
  - तपाईंको सवारी चालक इजाजत पत्र वा स्टेट आइडी
  - तपाईंको सोसियल सेक्यूरिटि वा ITIN नम्बर
  - तपाईंको बैंक खाता वा क्रेडिट कार्ड नम्बरहरू
  - राजनैतिक पार्टीको तर्फबाट कुनै पनि कुरा
  - पैसा वा चन्दा
- यदि कसैले तपाईंसँग सम्पर्क राख्यो र तपाईंलाई ऊ वास्तविक गणक होइन भन्ने लागेमा, कृपया न्यू अमेरिकन्स हटलाइनको बहुभाषी कार्यालयको नम्बर 1-800-566-7636 मा रिपोर्ट गर्नुहोस् ।

**यदि म संग ईमिग्रेशनको कुनै कागजपत्र छैन भनेगणकसँग कुरा गर्नु सुरक्षित हुन्छ ?**

- यो समस्या होइन । जनगणनाले तपाईंको आप्रवासन स्थिति वा नागरिकताको बारेमा कुनै प्रश्न सोध्दैन ।
- तपाईंका उत्तरहरू अध्यागमन अधिकारी, प्रहरी वा अन्य कुनै कानून प्रवर्तन निकायलाई खुलासा गर्न मिल्दैन ।

**गणकले मेरो सूचना सुरक्षित राख्छ भन्ने कुरा मलाई कसरी थाहा हुन्छ ?**

- गणकहरूले तपाईंको सूचना सुरक्षित राख्नेछन् ।
- संघीय कानून बमोजिम जनगणना ब्यूरोका कर्मचारीहरूले तपाईंको सूचना गोप्य राख्नपर्ने हुन्छ ।
- यदि उनीहरूले यो कानुनको उल्लङ्घन गरेमा, TITLE 13 अनुसार उनीहरूले 5 वर्षसम्म जेल सजाय र $250,000 सम्म जरिवानाको भागी हुनुपर्नेछ ।

**गणकहरू कहाँबाट आउँछन् ?**

- गणकहरू न्यूयोर्कवासीहरू हुन् । उनीहरूलाई स्थानीय समुदायहरूबाटै नियुक्त गरिएको हुन्छ र प्रायः उनीहरू जहाँ बस्ने हो सोही समुदायमा काम गर्दछन् । तपाईंका गणक तपाईं बस्ने ब्लकदेखि केही ब्लक मात्र टाढा बस्ने हुनसक्छन् वा तपाईंका छिमेकी नै हुन सक्छन् ।

**म बाहिर वा काममा हुँदा गणक मेरो घरमा आएका थिए भन्ने कुरा मैले कसरी थाहा पाउने ?**

- यदि गणक आउँदा कोही घरमा छैनन् भने गणकले उनीहरू आएको बारेमा नोट लेखी छोड्नेछन् । त्यस नोटमा अनलाइनमा, फोन वा हुलाक मार्फत कसरी सेन्ससको जवाफ दिने भन्ने बारेमा जानकारी हुनेछ ।
- गणकको रोजगार अवस्थाको रुजु गर्न तपाईं 212-882-7100 मा फोन गर्न सक्नुहुन्छ ।

**यदि मैले गणकको प्रश्नको पूर्ण जवाफ दिइनँ वा केही प्रश्नको उत्तरै नदिई त्यत्तिकै छोडिदिएँ भने के हुन्छ ? के अर्को गणकले तिनको कुनै प्रकारको फलो-अप (दोहोर्‍याएर आउने) गर्नेछन् ?**

- घरपरिवारले पूर्ण रूपमा प्रश्नावली पूरा गर्ने कोशिश गर्नुपर्छ । तर यदि तपाईंलाई उत्तर थाहा छैन वा केही प्रश्नहरू उत्तर नदिई छोड्न चाहनुहुन्छ भने गणकले अन्तर्वार्तालाई अगाडि बढाउनेछन् ।
- केही कुराहरूको निश्चित रूपमा उत्तर दिनै पर्ने हुन्छ: तपाईंको ठेगाना, नाम र तपाईंको घरमा रहने व्यक्तिहरूको संख्या ।
- फारमलाई "पूरा" भएको मानिनको लागि उत्तर दिनुपर्ने प्रश्नहरूको न्यूनतम संख्या हुन्छ ।
- यदि तपाईंले त्यसबाहेक थप प्रश्नहरूको उत्तर दिनुभयो भने, कसैले तपाईंको ढोका ढकढक्याउने सम्भावना कम हुनेछ ।
- लिङ्ग सम्बन्धी प्रश्न छोड्न सकिन्छ ।
- गणकहरूले प्रत्येक घरमा बस्ने सबै व्यक्तिको विवरण सङ्कलन गर्नेछन् । उनीहरूले तपाईंसँग आफ्नो घरमा बस्ने सबैको बारेमा बताउन अनुरोध गर्नेछन्, चाहे उनीहरूको तपाईंसँग कुनै नाता नपर्ने भए पनि ।
- तपाईंले घरपरिवारमा बस्ने सबैको विवरण  दिन पर्छ । यदि तपाईंले तपाईंको घरमा बस्ने अर्को परिवारको विवरण उपलब्ध गराउन सक्नुहुन्न भने, उक्त अर्को परिवारले पनि अनलाइन, फोन वा हुलाक मार्फत आफैं प्रतिक्रिया दिन पर्नेछ।

**यदि गणकले मेरो मातृभाषा बोल्दैनन् भने के मेरो बच्चा (18 वर्ष भन्दा कम उमेरका) ले दोभाषेको भूमिका निभाउन सक्छन् ? वा मेरा उत्तर सङ्कलन गर्न त्यस ठेगानामा अर्को गणक फर्केर आउनुपर्छ ?**

- हो, बच्चाले उनीहरूका अभिभावकको लागि दोभाषेको भूमिका निभाउन सक्छन् । यदि अनुवाद गर्नमा मद्दत गर्न कोही उपलब्ध छैनन् र भाषिक अवरोध आएमा गणकले उक्त भाषा बोल्ने अर्को गणकलाई सो केस ट्रान्सफर गर्नेछन् ।

**COVID-19 को कारणले NYC बाहिर विस्थापित भएका र उनीहरूको मुख्य वासस्थानको रूपमा NYC बाहिरको ठेगाना भर्ने मानिसहरूको हकमा, उनीहरूले कसरी आफ्नो प्रतिक्रियालाई संशोधन गर्न र उनीहरू वास्तवमा NYC मै बस्छन् भनेर सूचीकरण गर्न सक्दछन् ?**

- तपाईं पहिले नै पठाइसकेको जनगणना प्रश्नावलीको उत्तर परिवर्तन गर्न सक्नुहुन्न । यदि तपाईंले जनगणना अर्कै ठाउँबाट पूरा गर्नुभएको हो भने तपाईंले प्रायः जसो समय बिताउने (अप्रिल 1, 2020 सम्म) घरपरिवारको लागि पुनः गणना गराउनुपर्नेछ ।
- मानिसहरूले एकभन्दा बढी प्रतिक्रियाहरू पेश गर्न सक्दछन् । जनगणना ब्यूरोसँग तपाईंको दुई पटक गणना नहुने कुरा निश्चित गर्ने प्रक्रिया छ ।
- अझै पनि जनगणना ब्यूरोलाई दुवै बासस्थानहरुको लागि पूर्ण जवाफ चाहिन्छ । यसमा हाल खाली रहेका मौसमी आवासहरू पर्दछन् । जनगणना ब्युरोले यस प्रक्रियालाई अझ विस्तृत रूपमा व्याख्या गर्नमा मद्दत गर्न एक पर्चा तयार गरेको छ ।

**गणक मेरो घरमा कति पटक आउनेछन् ? उनीहरू कति पटक देखा पर्नेछन् ?**

- गणकहरूले तपाईं घरमा हुने धेरै सम्भावना रहेको समयमा तपाईंलाई केहि पटक सम्पर्क गर्ने प्रयास गर्नेछन् । उनीहरूले प्रत्येक बासस्थानको जवाफलिनुपर्ने हुन्छ ।
- घरपरिवारले जनगणना पूरा गरिसकेपछि, उनीहरूसँग आवश्यक सबै डाटा भएको सुनिश्चित गर्न थप भ्रमणहरू पनि हुन सक्छन् ।
- गणकहरू राति र सप्ताहन्तको समयमा पनि आउन सक्छन् ।

**यदि मैले गणकका कुनै पनि अनुरोधमा प्रतिक्रिया जनाइनँ भने के हुन्छ ? के जनगणना ब्यूरोले अझै पनि मेरो विवरण प्राप्त गर्न सक्नेछ ?**

- गणकहरूले अन्य व्यक्तिबाट (जस्तै तपाईंको छिमेकीहरू) तपाईंको जानकारी लिन सक्नेछन् तर यो उनीहरूको अन्तिम उपाय हो र यो यसरी लिईएको जानकारीहरु अकसर गल्ती पनि हुन सक्छन् ।
    - यस प्रक्रियाको दौरान जनसंख्याको 15 प्रतिशत "हराउँछन्", भन्ने अनुमान गरिएको छ जसलाई "इम्पुटेसन" भनिन्छ । यसको अर्थ यदि जनगणना ठीक ढङ्गले पूरा गरिएन भने तपाईंको हजुरबा/हजुरआमा वा तपाईंको बच्चाले पाउनुपर्ने पैसा तपाईंको छिमेकमा नआउन सक्छ । के याद गर्नुहोस् भने जनगणनाले विद्यालय, अस्पताल र ज्येष्ठ नागरिक केन्द्रहरूका लागि संघीय कोषको 10 खरब डलर निर्धारण गर्दछ ।
- त्यसको अलावा, जनगणना ब्यूरोले प्रतिक्रिया नजनाउने परिवारहरूका लागि अन्य विद्यमान सरकारी रेकर्डहरू प्रयोग गर्नुपर्ने हुनसक्छ ।

**के म गणकहरूसँग ढोकाभित्रबाट बोल्न सक्छु ?**

- तपाईं यसो गर्न सक्नुहुनेछ, तर तपाईंले आफ्नो ढोका अलिकति खुल्ला छोड्नु भयो भने तपाईंले आफ्नो सूचना ठूलो स्वरमा भन्नुपर्दैन । गणकहरूसँग जनगणना परिचयपत्र हुनेछ र मास्क लगाउनेछन् ।
- तपाईं अन्तर्वार्ता बाहिर लगायत फरक स्थानमा गर्नको लागि पनि अनुरोध गर्न सक्नुहुन्छ ।
- फेरि पनि याद गर्नुहोस्, तपाईंले आफ्नो जनगणना फारम अनलाइन वा फोन मार्फत पनि पूरा गर्न सक्नुहुनेछ ।

**के जनगणना ब्यूरोले गणकहरू आउनुभन्दा पहिले मेरो आवास प्रबन्धकलाई सम्पर्क गर्नेछ ?**

- सम्भव हुँदा, गणकहरूले अन्तर्वार्ता अघि वा उनीहरूले अन्तर्वार्ता लिइरहँदा आवास प्रबन्धकहरूलाई सम्पर्क गर्नेछन् ।  उनीहरूले प्रत्येक घरपरिवारमा पुग्न सक्ने कुरा सुनिश्चित गर्न यसो गर्नेछन् ।

**के एक भवनमा एकभन्दा बढी गणकहरूलाई पठाइनेछ ?**

- हो ।

**मेरो पालेले गणकलाई भित्र जान दिनुपर्ने कुरा कसरी थाहा पाउने ?**

- सबै जनगणना कर्मचारीहरूले वैध जनगणना परिचयपत्र लगाउँछन् ।

**बेसमेन्ट अपार्टमेन्टको बारेमा नि ? गणकहरूले कसरी यस्ता इकाइहरू पत्ता लगाउने, विशेष गरी अवैध रूपमा उप-विभाजित इकाइहरू ?**

- गणकहरूलाई हरेक ठेगानामा रहेका सबै सम्भावित आवासीय एकाइहरू फेला पार्न प्रशिक्षण दिइन्छ । अपार्टमेन्ट कानूनी हो वा गैरकानूनी, घर जो सुकैको नाममा भए पनि, या  अरू कुनै पनि कुराले फरक पार्दैन, जबसम्म  त्यहाँ मानिसहरु बसि रहेका छन् भने ।

**के गणकहरूले मेरो भवनका नियमहरू अनुसरण गर्नेछन्** ? **मेरो भवनमा गणकले व्यक्तिहरूसँग दलान वा साझा क्षेत्रमा भेट गर्नुपर्ने हुन सक्छ र गणक भवन परिसर भित्र स्वतन्त्र रूपमा हिँड्न नमिल्न सक्छ ।**

- गणकहरूले प्रान्तीय र स्थानीय स्वास्थ्य निर्देशनहरू अनुसरण गर्नेछन् । गणकहरूले जहिले पनि मास्क लगाउनेछन् । उनीहरूले भवनका प्रचलित नियमहरूको पालना गर्न यथासक्य प्रयास गर्नेछन् ।

**NYCHA ले गणकहरूसँग कसरी व्यवहार गर्ने योजना गरिरहेको छ ? NYCHA आवास प्रबन्धकहरू, भाडावाल अगुवाहरू र भाडावालहरूलाई कस्तो निर्देशन दिइरहेको छ ?**

- NYCHA ले 2020 जनगणनामा सहयोग गर्ने बारेमा सबैलाई आवश्यक जानकारी दिइएको कुरा सुनिश्चित गरिरहेको छ । आवास प्रबन्धकहरू, भाडावालका अगुवाहरू र भाडावालहरूलाई NRFU को समयरेखा, उनीहरूले के गर्नुपर्ने हो, जनगणना ब्यूरोले COVID-19 को अवधिमा कसरी सुरक्षा सुनिश्चित गरिरहेको छ र ठगीहरुलाई कसरी रोक्न सकिन्छ भनेर जानकारी दिईएको छ ।
- 2019 को फल (शरद याम) देखि नै NYCHA ले भाडावालहरूलाई कक्षाहरु चलाएर , सबै घरपरिवारलाई पत्र, न्युजलेटर पठाएर, सामाजिक सन्जाल र भाडावाल अगुवाहरू मार्फत आउटरिच मार्फत अनलाइन वा फोनमार्फत कसरी जनगणना सम्पन्न गर्ने भन्ने बारेमा शिक्षण गर्न थालेको थियो । NYCHA ले COVID-19 महामारीको परिप्रेक्षमा 2020 जनगणनामा भाग लिने सबैभन्दा सुरक्षित उपायको रूपमा अनलाइन जनगणना पूरा गर्न प्रोत्साहित गरिरहनेछ ।

**के तपाईं शैक्षिक प्रयोजनका लागि गणकहरूका ब्याज कस्तो देखिन्छ भनेर तस्बिर उपलब्ध गराउन सक्नुहुन्छ ?**

- जनगणना ब्यूरोले सुरक्षाको कारण बाह्य समूहसँग यस प्रकारको तस्बिर प्रदान गर्दैन ।
- यद्यपि गणकहरूले बोक्ने परिचयपत्रमा उनीहरूको नाम, उनीहरूको तस्बिर, वाणिज्य विभागको वाटरमार्क र म्याद समाप्त हुने मिति समावेश गरिएको हुन्छ ।
- तपाईं उनीहरू आधिकारिक गणक हुन् कि होइनन् भन्ने कुरा जान्न 212-882-7100 मा फोन गर्न पनि सक्नुहुन्छ ।

**न्युयोर्कवासीले ढोका ढक्ढक्याउने व्यक्ति वास्तवमै गणक हो भनेर प्रमाणित गर्न फोन गर्नु पर्ने नम्बर कुन हो ?**

- पहिले उनीहरूले आफ्नो वैध जनगणना परिचयपत्र लगाइराखेका छन् कि छैनन् भनेर जाँच गर्नुहोस् र हेर्नुहोस् । उनीहरू आधिकारिक गणक व्यक्ति हो कि होइन भनेर जाँच गर्न 212-882-7100 मा फोन गर्नुहोस् ।

**के आश्रय बाहिर बस्ने घरबारविहीन मानिसहरूको गणना गरिनेछ ? के यो फ्याक्टसिट (तथ्यपत्र) अनुसार यो सेप्टेम्बर 22 मा सुरु हुनेछ ?**

- यसका लागि जनगणना ब्यूरोको विशेष योजना रहेको छ । यो सेप्टेम्बर 22 देखि सेप्टेम्बर 24 सम्म हुनेछ ।

**के गणकहरूले सङ्कलन गरेका सर्वेक्षण प्रतिक्रियाहरू गणकहरूको सहभागिता भए पनि NYC को "स्व-प्रतिक्रिया" दरमा गणना हुनेछ ?**

- गणकहरूले सङ्कलन गरेका प्रतिक्रियाहरू NYC को जनसंख्यामा गणना हुनेछ, तर स्व-प्रतिक्रिया दरमा गणना हुँदैन ।

**के तपाईं गणकहरू घरपरिवारलाई भेट्न नसकेको अवस्थामा घरमा छोड्ने नोटहरूको प्रतिलिपि दिन सक्नुहुन्छ ?**

- कृपया भ्रमणको नमूना सूचना यहाँ हेर्नुहोस्।

**के अधिकांश गणकहरू न्युयोर्क शहरका हुने छन् ?**

- हो, NYC मा काम गर्ने प्रायः गणकहरू NYC मै बस्छन् ।